# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा अन्तर्गत एघारौं/नवौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १२७/२०८३-८४** **मिति:-२०८३/०६/१४**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ र ३६ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०७/१७ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ । ज्येष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ र दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नु पर्नेछ) ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेे। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेशमा समायोजन भएको पत्र पेश गर्नु पर्नेछ ।

५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३५ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।

६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुनेछ ।

७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८,५९ र ६५ बमोजिम हुनुपर्नेछ ।

८. बढुवा सम्वन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुनेछ।

### (क) प्रदेश निजामती सेवा, एघारौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १/२०८३-८४ | अधिकृत एघारौँ, प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन/स्यानिटरी | १ |
| २. | २/२०८३-८४ | अधिकृत एघारौँ, प्रदेश शिक्षा, शिक्षा प्रशासन | १ |
| | | **जम्मा** | २ |

## (ख) प्रदेश निजामती सेवा, नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | ३/२०८३-८४ | बरिष्ठ वन अधिकृत, प्रदेश वन, जनरल फरेष्ट्री | १ |
| २. | ४/२०८३-८४ | निर्देशक, प्रदेश वन, फरेष्ट रिसर्च | १ |
| ३. | ५/२०८३-८४ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| ४. | ६/२०८३-८४ | कन्सल्टेण्ट अप्थाल्मोलोजिष्ट, प्रदेश स्वास्थ्य, अप्थाल्मोलोजी | १ |
| ५. | ७/२०८३-८४ | अस्पताल नर्सिङ प्रशासक, प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | १ |
| ६. | ८/२०८३-८४ | कन्सल्टेण्ट काय-चिकित्सक, प्रदेश स्वास्थ्य, आयुर्वेद, काय-चिकित्सा | १ |
| ७. | ९/२०८३-८४ | कन्सल्टेन्ट अकुपञ्चर चिकित्सक, प्रदेश स्वास्थ्य, अकुपञ्चर | १ |
| | | **जम्मा** | ७ |

## (ग) प्रदेश निजामती सेवा, नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १०/२०८३-८४ | सि.डि.ई., प्रदेश इन्जिनियरिङ, सिभिल, वि.एण्ड आर्क. | १ |
| २. | ११/२०८३-८४ | बरिष्ठ कृषि प्रसार अधिकृत, प्रदेश कृषि, कृषि प्रसार | १ |
| ३. | १२/२०८३-८४ | उपसचिव, प्रदेश प्रशासन, प्रशासन | १ |
| ४. | १३/२०८३-८४ | बरिष्ठ वन अधिकृत, प्रदेश वन, जनरल फरेष्ट्री | १ |
| ५. | १४/२०८३-८४ | कन्सल्टेण्ट अब्स्ट्रेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, प्रदेश स्वास्थ्य, अब्टेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| ६. | १५/२०८३-८४ | कन्सल्टेण्ट इ.एन.टि. सर्जन, प्रदेश स्वास्थ्य, अटोरिनो ल्यारिङ्गोलोजी | १ |
| ७. | १६/२०८३-८४ | कन्सल्टेण्ट जनरल फिजिसियन, प्रदेश स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | १ |
| ८. | १७/२०८३-८४ | कन्सल्टेण्ट डर्माटोलोजिष्ट, प्रदेश स्वास्थ्य, डर्माटोलोजी | १ |
| ९. | १८/२०८३-८४ | कन्सल्टेण्ट पेडियाट्रिसियन, प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | १ |
| १०. | १९/२०८३-८४ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | १ |
| ११. | २०/२०८३-८४ | कन्सल्टेण्ट सर्जन, प्रदेश स्वास्थ्य, सर्जन, जनरल सर्जरी | १ |
| | | **जम्मा** | ११ |

**दरखास्त दस्तुर रु.**

| | | |
|---|---|---|
| | एघारौं तह | रु. २,५००/- (दुई हजार पाँचसय रुपैंया) |
| | नवौं तह | रु. २,०००/- (दुई हजार रुपैंया) |
| **दरखास्त दस्तुर बुझाउने स्थानः** | | राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१०००० |
| **कार्यालय कोडः** | | २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश) |
| **राजस्व शीर्षक नं.** | | १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने । |

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, पोखरा

## स्थानीय सेवाका नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. १२८/२०८३-८४** **मितिः-२०८३/०६/१४**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ र ३४ बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३/०७/१७ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ । ज्येष्ठताको गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ६० बमोजिम हुनेछ। यसमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१४) बमोजिम गण्डकी प्रदेश भित्रका स्थानीय तहका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्वन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १९ र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नु पर्ने)।
२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेश भित्रको स्थानीय तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।
५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३३ (१) (ग) बमोजिमको तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने ।
६. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३४ बमोजिम हुनेछ।
७. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०, दफा ३६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ५३, ५४, ५५ र ६० बमोजिम हुनुपर्ने।
८. बढुवा सम्वन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम हुनेछ।

### (क) स्थानीय सेवा, नवौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, तह | पद संख्या |
|---|---|---|---|
| १. | २१/२०८३-८४ | सिनियर डिभिजनल इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | ३ |
| २. | २२/२०८३-८४ | उपसचिव, प्रशासन, स्थानीय प्रशासन, शिक्षा प्रशासन | २ |
| ३. | २३/२०८३-८४ | मेडिकल सुपरिटेण्डेण्ट, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | १ |
| | | **जम्मा** | ६ |

**(ख) स्थानीय सेवा, नवौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | २४/२०८३-८४ | सिनियर डिभिजनल इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | ३ |
| २. | २५/२०८३-८४ | उपसचिव, प्रशासन, स्थानीय प्रशासन, शिक्षा प्रशासन | १ |
| | | **जम्मा** | ४ |

**दरखास्त दस्तुरः** रु. २०००/- (दुई हजार रुपैया)
**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००
**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)
**राजस्व शीर्षक नं.** १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्ने ।

# प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

## प्रदेश/स्थानीय सेवा अन्तर्गत नवौं/आठौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको

## आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १२९/२०८३-८४** **प्रकाशन मितिः-२०८३।०६।१४**

प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती तथा स्थानीय सेवाका देहायका समूह, उपसमूह र तहका पदको आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ । प्रदेश निजामती र स्थानीय सेवाका आन्तरिक, अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

### क. नवौं तहका प्राविधिक पदहरू

| क्र.सं. | विज्ञापन नं. …२०८३-८४ | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पद संख्या | प्रथम पत्र | द्वितीय पत्र |
|---|---|---|---|---|---|---|
| १. | ९००१ | सि.डि.इ., प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | खुला | १ | २०८३ मंसिर ७, दिनको २ बजे | २०८३ मंसिर ८, दिनको २ बजे |
| २. | ९००२ | सि.डि.इ., स्थानीय इन्जिनियरिङ, सिभिल | अन्तरतह | १ | २०८३ मंसिर ९, दिनको २ बजे | २०८३ मंसिर १०, दिनको २ बजे |
| ३. | ९००३ | सि.डि.इ., स्थानीय इन्जिनियरिङ, सिभिल | आ.ज. | १ | | |
| ४. | ९००४ | बरिष्ठ मत्स्य विकास अधिकृत, प्रदेश कृषि/मत्स्य | खुला | १ | २०८३ मंसिर ७, दिनको २ बजे | २०८३ मंसिर ८, दिनको २ बजे |
| ५. | ९००५ | कन्सल्टेण्ट जनरल फिजिसियन, प्रदेश स्वास्थ्य, मेडिसिन / जनरल मेडिसिन | अन्तरतह | १ | २०८३ मंसिर ११, दिनको २ बजे | २०८३ मंसिर १२, दिनको २ बजे |
| ६. | ९००६ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, प्रदेश स्वास्थ्य, रेडियोलोजी | अन्तरतह | १ | | २०८३ मंसिर १२, दिनको २ बजे |
| ७. | ९००७ | कन्सल्टेण्ट रेडियोलोजिष्ट, प्रदेश स्वास्थ्य, रेडियोलोजी | खुला | १ | | |
| ८. | ९००८ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट,प्रदेश स्वास्थ्य, एनेस्थेसियोलोजी | अन्तरतह | १ | | २०८३ मंसिर १३, दिनको २ बजे |
| ९. | ९००९ | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | आ.प्र. | १ | | २०८३ मंसिर १३, दिनको २ बजे |
| १०. | ९०१० | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | अन्तरतह | १ | | |
| ११. | ९०११ | कन्सल्टेण्ट साइक्याट्रिस्ट, प्रदेश स्वास्थ्य, साइक्याट्रि | अन्तरतह | १ | | २०८३ मंसिर १४, दिनको २ बजे |
| १२. | ९०१२ | मेडिकल सुपरिटेण्डेण्ट, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | आ.प्र. | १ | | २०८३ मंसिर १४, दिनको २ बजे |
| १३. | ९०१३ | मेडिकल सुपरिटेण्डेण्ट, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | अन्तरतह | १ | | |
| १४. | ९०१४ | जनस्वास्थ्य प्रशासक, स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | अन्तरतह | १ | | २०८३ मंसिर १५ दिनको २ बजे |

## ख. आठौं तहका प्राविधिक पदहरू

<table>
<tr><th>क्र.सं.</th><th>विज्ञापन नं. ...२०८३-८४</th><th>पद, सेवा, समूह, उपसमूह</th><th>किसिम/ समूह</th><th>पद संख्या</th><th>प्रथम पत्र</th><th>द्वितीय पत्र</th></tr>
<tr><td>१.</td><td>८००१</td><td>आयुर्वेद चिकित्सक, प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद</td><td>खुला</td><td>१</td><td rowspan="2">२०८३ मंसिर १७, दिनको २ बजे</td><td rowspan="2">२०८३ मंसिर १८, दिनको २ बजे</td></tr>
<tr><td>२.</td><td>८००२</td><td>आयुर्वेद चिकित्सक, प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद</td><td>महिला</td><td>१</td></tr>
<tr><td>३.</td><td>८००३</td><td>डेण्टल सर्जन, प्रदेश स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेण्टल</td><td>दलित</td><td>१</td><td>२०८३ मंसिर २१, दिनको २ बजे</td><td>२०८३ मंसिर २२, दिनको २ बजे</td></tr>
<tr><td rowspan="2">४.</td><td rowspan="2">८००४</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td rowspan="2">खुला</td><td>८</td><td rowspan="11">२०८३ मंसिर १९, दिनको २ बजे</td><td rowspan="11">२०८३ मंसिर २०, दिनको २ बजे</td></tr>
<tr><td>मेडिकल अधिकृत, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>३</td></tr>
<tr><td rowspan="2">५.</td><td rowspan="2">८००५</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td rowspan="2">महिला</td><td>३</td></tr>
<tr><td>मेडिकल अधिकृत, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>१</td></tr>
<tr><td>६.</td><td>८००६</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>आ.ज.</td><td>२</td></tr>
<tr><td rowspan="2">७.</td><td rowspan="2">८००७</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td rowspan="2">दलित</td><td>१</td></tr>
<tr><td>मेडिकल अधिकृत, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>१</td></tr>
<tr><td>८.</td><td>८००८</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>अपाङ्ग</td><td>१</td></tr>
<tr><td rowspan="2">९.</td><td rowspan="2">८००९</td><td>मेडिकल अधिकृत, प्रदेश स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td rowspan="2">थारु</td><td>१</td></tr>
<tr><td>मेडिकल अधिकृत, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज</td><td>१</td></tr>
</table>

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तरवार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)।

**लिखित परीक्षाको माध्यम (भाषा)** पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।

**परीक्षा केन्द्रः-** पोखरा ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८३/०७/०३ सम्म र दोब्बर दस्तुर तिरी २०८३/०७/१० सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८३/०७/०३ सम्म **नवौं तहका लागि** २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको, **स्वास्थ्य सेवा आठौं तहका लागि** २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको तर, संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुरः-** **नवौं तहका लागि** दरखास्त दस्तुर रु. २००० (दुई हजार रुपैया) बुझाउनु पर्नेछ। आ.प्र., अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि रू. ५००।- (पाँच सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**आठौं तहका लागि** दरखास्त दस्तुर रु. १२०० (एक हजार दुईसय रुपैया) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि रू. ४००।- (चार सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८३।०७।११ गते सम्म (सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन)

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम ।

**खुला र अन्तरतहको लागि आवश्यक न्यूनतम योग्यताः**

खुला र अन्तरतह प्रतियोगितात्मक परीक्षाको लागि उम्मेदवार हुन देहायको शैक्षिक योग्यता र गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (११) र (१३) बमोजिमको अनुभव प्राप्त।

| | |
|---|---|
| १. सि.डि.इ., प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी ऐनको दफा ९ को उपदफा (१३) बमोजिम अनुभव प्राप्त । |
| २. सि.डि.इ., स्थानीय इन्जिनियरिङ, सिभिल | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| ३. बरिष्ठ मत्स्य विकास अधिकृत, प्रदेश कृषि, मत्स्य | सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.एस्सी. फिसरिज विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी ऐनको दफा ९ को उपदफा (१३) बमोजिम अनुभव प्राप्त । |
| ४. कन्सल्टेण्ट जनरल फिजिसियन, प्रदेश स्वास्थ्य, मेडिसिन / जनरल मेडिसिन | जनरल वा इन्टरनल मेडिसिन स्नातकोत्तर उपाधि प्राप्त। |
| ५. कन्सल्टेण्ट रेडियोलोजिष्ट, प्रदेश स्वास्थ्य, रेडियोलोजी | रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त। |
| ६. कन्सल्टेण्ट साइक्याट्रिस्ट, प्रदेश स्वास्थ्य, साइक्याट्रि | साइक्याट्रिमा स्नातकोत्तर उपाधि प्राप्त। |
| ७. कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, प्रदेश स्वास्थ्य, एनेस्थेसियोलोजी | एनेस्थेसियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त। |
| ८. कन्सल्टेण्ट मेडिकल जनरलिष्ट, प्रदेश स्वास्थ्य, मेडिकल जनरलिष्ट | एम.डि.जि.पी. उपाधि प्राप्त । |
| ९. मेडिकल सुपरिटेण्डेण्ट, स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| १०. जनस्वास्थ्य प्रशासक,स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त। |
| ११. आयुर्वेद चिकित्सक, प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सा स्नातक उपाधि प्राप्त। |
| १२. डेण्टल सर्जन, प्रदेश स्वास्थ्य, डेण्टिष्ट्री, जनरल डेण्टल | मान्यताप्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त। |
| १३. मेडिकल अधिकृत, प्रदेश/स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त। |

**आन्तरिक प्रतियोगिताको लागि आवश्यक न्यूनतम योग्यताः**

- प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (१०) र नियमावलीको नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
- स्थानीय सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० को उपदफा (१०) र नियमावलीको नियम ६८ (संशोधन सहित) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

## आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि आवेदन दिंदा ध्यान दिनुपर्ने विषयहरू

(क) गण्डकी प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन (संशोधन सहित), २०७९ को दफा ९ को उपदफा (११) र गण्डकी प्रदेश निजामती सेवा नियमावली (संशोधन सहित), २०७९ को नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ख) स्थानीय सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन (संशोधन सहित), २०७९ को दफा ९ को उपदफा (११) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली (संशोधन सहित), २०७९ को नियम ६८ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) आन्तरिक, अन्तर तह, खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(घ) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८ अनुसार छात्रवृत्तिमा अध्ययन गरी कबुलियतनामा बमोजिम सेवा गरिरहेका उम्मेदवारको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावलीको नियम २२ को उपनियम (५) बमोजिमको अवधि पूरा भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(च) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित कानुनी व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

(छ) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ज) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## नवौं तहको पदमा खुला तथा समावेशीतर्फ दरखास्त दिन चाहने उम्मेदवारको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

- (१) निजामती, प्रदेश निजामती तथा अन्य सरकारी निकाय,
- (२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
- (३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
- (४) ऐनद्वारा स्थापित संस्था वा निकाय,
- (५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय,
- (६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरू,
- (७) विश्वविद्यालयको आङ्गिक क्याम्पस,
- (८) सामुदायिक विद्यालय वा क्याम्पस ।

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेस गर्नुपर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ। यसका लागि विनियामवलीको प्रथम पाना, सेवा गरेको पदनाम उल्लेख रहेको पाना तथा सो पदको नियुक्ति प्रक्रिया खुलेको पाना अपलोड गर्नु पर्नेछ।

(ग) सरकारी कर्मचारीले अन्य निकाय वा संगठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइनेछैन ।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन ।

(ज) अधिकृत नवौं तहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको सातौं/आठौं तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको हो भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्नेछ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

(घ) थारूको हकमा थारू आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारू आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**<u>द्रष्टव्य</u>**

(क) अन्तरतह प्रतियोगिता, आन्तरिक प्रतियोगिता तथा समावेशी समूहतर्फ छुट्टाइएको सबै वा केही पदपूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनी सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकीन गरी खुलातर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मानी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

(ख) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२)  बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(घ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(ङ) स्वास्थ्य सेवाको हकमा व्यावसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(छ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(झ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ट)दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको  User Manual हेर्न सकिनेछ।

(ठ)पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः ०६१-४५७८७३**

Website:-  **<u>http://ppsc.gandaki.gov.np</u> E-mail: <u>vacancy.ppscgandaki@gmail.com</u>**